प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको शैक्षिक शत्र २०८१/०८२ का लागि रजिष्ट्रेशन प्रकिया सम्बन्धी

## अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८२।०२।१९)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय र निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुको शैक्षिक सत्र २०८१/०८२ का डिप्लोमा तथा प्रमाणपत्र तहका सम्पूर्ण बार्षिक प्रणाली अन्तर्गतका कार्यक्रमहरुको रजिष्ट्रेशन प्रक्रिया मिति २०८२ जेष्ठ २५ गते सम्म मात्र हुने भएको हुंदा तोकिएका मिति सम्ममा शिक्षण संस्थाले ITMS मा भएको remarks अनुसार प्रक्रिया पुर्‍याइ अपुग कागजातपत्र समयमै बुझाउनु हुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र शिक्षण संस्थाहरुबाट रजिष्ट्रेशन प्रक्रिया सम्पन्न गर्न नसकेमा रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**परीक्षा नियन्त्रक**